# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ को प्रयोजनार्थ

(२०८२ कार्तिक महिनादेखि  २०८२ पुष मसान्तसम्म)



अर्थ मन्त्रालय

सिंहदरबार

माघ, २०८२

www.mof.gov.np

## १. अर्थ मन्त्रालयको संक्षिप्त परिचयः

## पृष्ठभूमि

मुलुकको आर्थिक, वित्तीय तथा मौद्रिक व्यवस्थापनलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउँदै समष्टिगत आर्थिक स्थायित्व तथा आर्थिक विकाससँग सम्बन्धित सम्पूर्ण गतिविधि व्यवस्थापन गर्ने अभिभारा अर्थ मन्त्रालयमा रहेको छ। सार्वजनिक खर्च व्यवस्थापन, अन्तरसरकारी वित्त व्यवस्थापन, राजस्व सङ्कलन, अन्तराष्ट्रिय आर्थिक सम्बन्ध व्यवस्थापन, नेपाल सरकारको आर्थिक प्रशासन, बैंक तथा वित्तीय क्षेत्र व्यवस्थापन, विदेशी विनिमय, बीमा तथा पुँजी बजार व्यवस्थापन र नियमन, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक नीति एवं बजेट तर्जुमा, सरकारको अल्पकालीन तथा दीर्घकालीन खर्च व्यवस्थापन सम्बन्धी कार्य अर्थ मन्त्रालयबाट सम्पादन हुँदै आएको छ।

### दीर्घकालीन सोच

सबल र सुदृढ आर्थिक एवं वित्तीय व्यवस्थापनको माध्यमबाट अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्दै दिगो, फराकिलो तथा उच्च आर्थिक वृद्धि र सामाजिक न्याय सहितको विकासमा योगदान पुऱ्याउँदै समृद्ध र समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने।

## उद्देश्य

आन्तरिक राजस्वको आधार विस्तार एवं सुदृढीकरण गर्दै उपलब्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्न सहयोग पुऱ्याउने।

## रणनीति

- वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी राजस्व प्रणालीको विकासबाट निजी लगानी मैत्री वातावरण सिर्जना गरी उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन र औद्योगिक संरक्षण प्रदान गर्ने,
- दक्ष, व्यावसायिक, स्वच्छ, सुदृढ एवं करदातामैत्री कर प्रशासनको विकास, प्रक्रियागत सरलीकरण र सूचना प्रविधिको प्रयोग बढाई सवै किसिमका करयोग्य आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने,
- सार्वजनिक खर्चलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा प्रभावकारी र न्यायोचित रूपमा विनियोजन गरी उच्च आर्थिक हासिल वृद्धि गर्ने,
- सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनुका साथै वित्तीय अनुशासन कायम गर्ने,
- विभिन्न मन्त्रालय, विभाग र निकायहरूको लागि भएको बजेट विनियोजन र तिनीहरूले प्रदान गर्ने सेवा प्रवाह प्रणाली बीचमा प्रभावकारी सम्बन्ध स्थापित गर्ने,
- वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयन गर्दै पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्बन गर्ने,
- बजेट निकासा, लेखाङ्कन, अन्तरिक लेखा परीक्षण लगायतका सरकारी लेखा, सरकारी खर्च र राजस्व व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
- उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसर विस्तार गर्ने र निकासीजन्य उत्पादनका क्षेत्रमा बाह्य सहायता परिचालन गर्ने,

- अन्तर्राष्ट्रिय आर्थिक सम्बन्धको माध्यामबाट विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने,
- अन्तर्राष्ट्रिय विकास सहायतालाई प्राथमिकता प्राप्त क्षेत्र र विषयमा केन्द्रित गर्ने,
- राष्ट्रिय बजेट प्रणालीमा आबद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने,
- अन्तरसरकारी वित्त व्यवस्थापनलाई प्रभावकारी तुल्याउँदै वित्तीय सङ्घीयता कार्यान्वयन मार्फत साधन स्रोतको उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने,
- वित्तीय उपकरणको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणाली विकास गर्ने,
- निजीकरण भएका संस्थानको अनुगमन गर्ने,
- आन्तरिक ऋणलाई राष्ट्रिय प्राथामिकताका विकास कार्यक्रममा परिचालन गर्ने र
- आन्तरिक ऋण व्यवस्थापन र बाह्य ऋण व्यवस्थापनलाई एकीकृत रूपमा छुट्टै निकायमार्फत सञ्चालन गर्ने।

## २. कार्यक्षेत्र

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्य देहाय अनुसार रहेका छन्:


- आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन।
- आर्थिक साधनहरूको बाँडफाँट, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन।
- समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन।
- विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन।
- केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक नीति।
- बैंक तथा वित्तीय संस्थाहरू सम्बन्धी नीति, कानून, समन्वय र नियमन।
- विदेशी मुद्रा विनिमय तथा नियन्त्रण।
- आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैंकिङ्ग सम्बन्धी द्विपक्षीय, बहुपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्पर्क र समन्वय।
- वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र कार्यान्वयन।
- सङ्घीय संचित कोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान, पेश्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्य सरकारी कोष।
- बजेट तर्जुमा, कार्यान्वयन र नियमन।
- सरकारी जमानत।
- संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र वैदेशिक ऋण एवं अनुदान सम्बन्धी नीति, कानून र नियमन।
- तलब, भत्ता, उपदान, निवृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय।
- संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्बन्धी नीति, कानून र मापदण्ड।

- सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली।
- राजस्व सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन।
- राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण।
- सार्वजनिक खर्च सम्बन्धी नीति, कानून, कार्यान्वयन र नियमन।
- आर्थिक कार्यविधि सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन।
- मूल्य नीति।
- लेखा तथा लेखापरीक्षण प्रणाली।
- सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन
- संघ, प्रदेश र स्थानीय तहबीच वित्तीय हस्तान्तरण सम्बन्धी नीति, कानून, कार्यान्वयन, समन्वय र नियमन।
- सङ्घीय विनियोजन, राजस्व, विभाज्य कोष, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति।
- भन्सार, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवाशुल्क दस्तुर लगायतका सेवा शुल्कहरूको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँट।
- कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, क्षेत्रीय, वहुपक्षीय समन्वय, सन्धि, सम्झौता, समझदारी, कार्यान्वनय र नियमन।
- राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदान प्रदान।
- धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।
- बीमा सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन।
- संघ, प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँट सम्बन्धी नीति, कानून, मापदण्ड र कार्यान्वयन।
- राजस्व चुहावट नियन्त्रण।
- महालेखा परीक्षकको कार्यालय।
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग।
- निक्षेप तथा कर्जा सुरक्षण कोष।
- सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण।
- राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालीम, अध्ययन र अनुसन्धान।
- कर्मचारी सञ्चय कोष।
- नागरिक लगानी कोष।
- अवकाश कोष।

- सार्वजनिक संस्थानहरू र निजीकरण सम्बन्धी नीति, कानून, मापदण्ड, अनुगमन र नियमन।
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।
- नेपाल लेखा परीक्षण सेवाको सञ्चालन।

अनुसूची ११

नेपाल सरकार
अर्थ मन्त्रालयको संगठन संरचना




द्रष्टव्यः अर्थ मन्त्रालयको संरचनात्मक सुधार, [illegible] ।

रविलाल पन्थ
सचिव

## ३. अर्थ मन्त्रालयसँग सम्बन्धित ऐन, नियम, कार्यविधि, निर्देशिका एवम् मापदण्डको विवरणः

अर्थ मन्त्रालयको जिम्मेवारीमा रहेका कार्यहरू सम्पादन गर्ने सिलसिलामा मन्त्रालय र अर्न्तगतका निकायहरूले निम्नानुसारका कानूनको प्रयोग तथा पालना गर्नेछन्।

**ऐनहरू**

- सामयिक कर असुल ऐन, २०१२
- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- कर्मचारी सञ्चय कोष ऐन,२०१९
- विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९
- मदिरा ऐन, २०३१
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- नागरिक लगानी कोष ऐन,२०४७
- सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०
- मूल्य अभिवृद्धि कर ऐन,२०५२
- अन्तर्राष्ट्रिय वित्तीय कारोवार ऐन,२०५४
- वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५
- आयकर ऐन, २०५८
- अन्तःशुल्क ऐन, २०५८
- नेपाल राष्ट्र बैंक ऐन, २०५८
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८
- धितोपत्र सम्बन्धी ऐन, २०६३
- सुरक्षित कारोबार ऐन, २०६३
- दामासाही ऐन, २०६३
- भन्सार ऐन, २०६४
- बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४
- बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३
- निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- वस्तु विनिमय बजार सम्बन्धी ऐन,२०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- योगदानमा आधारित निवृत्तभरण कोष ऐन, २०७५
- लेखापरीक्षण ऐन, २०७५
- भुक्तानी तथा फछ्र्यौट ऐन,२०७५
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- सार्वजनिक ऋण व्यवस्थापन ऐन,२०७९

- बीमा ऐन,२०७९
- सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन ऐन, २०५०
- भन्सार महसुल ऐन, २०८१
- सम्पत्ति शुद्धिकरण ( मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- विदेशी विनिमय नियन्त्रण ऐन, २०१९
- सालबसाली ऐनहरू (आर्थिक ऐन, विनियोजन ऐन, राष्ट्रिय ऋण उठाउने ऐन)

**नियमावलीहरू**

- मदिरा नियमावली,२०३३
- मूल्य अभिवृद्धि कर नियमावली, २०५३
- बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५८
- आयकर नियमावली, २०५९
- अन्तःशुल्क नियमावली, २०५९
- धितोपत्र बजार सञ्चालन नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४
- भ्रमण खर्च नियमावली, २०६४
- भन्सार नियमावली, २०६४(पन्ध्रौं संशोधन २०८१)
- भन्सार महसुल नियमावली, २०८१
- धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४
- धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४
- नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
- सामूहिक लगानी कोष नियमावली, २०६७
- धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७
- सामूहिक लगानी कोष नियमावली, २०६७
- क्रेडिट रेटिङ्ग नियमावली, २०६८
- नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली,२०६८
- धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३
- वस्तु विनियम बजार सम्बन्धी नियमावली, २०७४
- नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
- विशिष्टिकृत लगानी कोष नियमावली, २०७५
- हेजिङ्ग सम्बन्धी नियमावली, २०७५
- धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५

- कर्जा सुरक्षण नियमावली,२०७५
- निक्षेप सुरक्षण नियमावली, २०७५
- योगदानमा आधारित निवृत्तभरण कोष नियमावली, २०७६
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली, २०७७,
- धितोपत्र बजार सञ्चालन नियमावली, २०७९
- कर्मचारी संचयकोष नियमावली, २०८१
- सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्ग) नियमावली, २०८१
- रजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०
- विदेशी विनिमय नियमित गर्ने नियमहरु, २०२०

**निर्देशिकाहरू**

- आयकर निर्देशिका, २०६६
- अन्तःशुल्क निर्देशिका, २०६८
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९
- जग्गा तथा घर जग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२
- कार्य सञ्चालन निर्देशिका, २०८१(नवौं संस्करण)
- प्रदेश तथा स्थानीय तहको लागि लैङ्गिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
- विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७
- ढुवानी सेवामा मूल्य अभिवृद्धि कर कार्यान्वयन निर्देशिका, २०८०

**कार्यविधिहरू**

- आर्थिक पुनरुद्धार कोष (स्थापना र सञ्चालन) कार्यविधि, २०७२
- प्रदेश र स्थानीय तहको सञ्चित कोष सञ्चालन कार्यविधि,२०७४
- ग्रामीण स्वावलम्बन कर्जा कार्यविधि, २०७५
- सामूहिक जीवन बीमा सञ्चालन कार्यविधि, २०७५
- नव प्रवर्तन शुरुवाती पुँजी अनुदान कार्यविधि, २०७६
- सहुलियतपुर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७६
- राष्ट्रसेवक कर्मचारीहरूको सावधिक बीमा सम्बन्धी कार्यविधि,२०७६
- रक्सौल-अमलेखगञ्ज पेट्रोलियम पाइपलाइनमार्फत इन्धन ढुवानीका लागि भन्सार जाँचपास सम्बन्धी कार्यविधि, २०७६
- नवप्रवर्तन शुरुवाती पुँजी कर्जा प्रवाह कार्यविधि, २०७७
- व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७

- वैदेशिक रोजगार सेवा शुल्क र वैदेशिक पर्यटन शुल्क सम्बन्धी कार्यविधि, २०८०
- विद्युतीय माध्यममार्फत मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी कार्यविधि, २०८०
- सरकारी लगानी व्यवस्थापन कार्यविधि, २०८२
- समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१
- विशेष अनुदान सम्बन्धी कार्यविधि, २०८१

**नीति, मापदण्ड**

- घर जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४
- अर्थ मन्त्रालय र अन्तर्गतका कर्मचारीहरूको आचारसंहिता, २०७५
- बजेट तर्जुमा दिग्दर्शन, २०७५
- वैदेशिक सहायता परिचालन नीति, २०८२
- प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धी मापदण्ड, २०७६
- प्रदेश तथा स्थानीय तह बजेट कार्यान्वयन मार्गदर्शन, २०७६
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७८
- आयोजनाहरूको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड, २०८१

## ४. अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्यक्षेत्र अन्तर्गतका नीतिगत कार्य र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्य।

## ५. सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र टेलिफोन नम्बरः

| क्र.सं. | सचिवालय, महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | अर्थमन्त्री | रामेश्वर खनाल | ४२११३९० |
| २. | सचिव | घनश्याम उपाध्याय | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | भूपाल बराल | ४२११८०४ |
| ५. | प्रशासन महाशाखा | सहसचिव थान प्रसाद पंज्ञानी | ४२११३०० |
| ४. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव उत्तर कुमार खत्री | ४२११३१५ |
| ६. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव सुमन दहाल | ४२११८०१ |
| ७. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | शंकर बहादुर के.सी | ४२११८१३ |
| ८. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव महेश आचार्य | ४२११३७७ |
| ९. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव महेश भट्टराई | ४२११३२६ |
| १०. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव टंकप्रसाद पाण्डेय | ४२००५३७ |
| ११. | अन्तराष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा | सहसचिव धनिराम शर्मा | ४२११३७१ |
| १२. | वित्तीय सङ्घीयता समन्वय महाशाखा | सहसचिव सेवन्तक पोखरेल | ४२११३१६ |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाईसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठसम्मको सूचना निःशुल्क उपलब्ध गराइनेछ।
- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ।
  - ➢ सामान्य आकारको (आठ दशमलव तीन इञ्च चौडाई र एघार दशमलव सात इञ्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रुपैंयाँ लाग्नेछ।
  - ➢ माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रुपैयाँ दस्तुर लाग्नेछ। सुरुका दश पेज निःशुल्क दिनुपर्ने बाध्यता यसमा रहने छैन।
- डिस्केट, सिडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सिडी बापत पचास रुपैयाँ दस्तुर लाग्नेछ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- सार्वजनिक निकायमा रहेका कुनै लिखत, सामग्री वा सो निकायको काम कार्यवाही अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ। तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रूपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन बापत दस्तुर लाग्ने छैन।
- प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ।
- मुल्य राखी बिक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मुल्य बमोजिम नै हुनेछ।
- अर्थ मन्त्रालयको उद्देश्य र कार्यक्षेत्र भित्रका कामकारवाहीको प्रवर्धनका लागि वितरण गरिने सूचना-सामग्रीमा शुल्क लाग्ने छैन।

### (ख) सूचना उपलब्ध गराए बापत शुल्क/दस्तुर लिने तरिका

- सार्वजनिक निकायले सूचना दिँदा लिने दस्तुर बापतको रकम नगदै लिने वा कुनै खास बैङ्कमा रकम जम्मा गरी सोको भौचर पेस गर्न लगाउन सक्नेछ।

### (ग) सेवा प्राप्त गर्न लाग्ने अवधि

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधिभित्र निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलब्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलब्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र

निवेदकलाई उपलब्ध गराइनेछ। कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलब्ध गराइनेछ।

- अन्य विशेष ऐन नियममा अवधि तोकिएकोमा सोही बमोजिम हुनेछ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

- **मन्त्रालयले उपलब्ध गराउने सेवा सम्बन्धमाः**

  ➢सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम।

- **सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः**

  ➢सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- मन्त्रीस्तरबाट
- सचिवस्तरबाट

## ८. आर्थिक वर्ष २०८२/८३ को बजेट

आर्थिक वर्ष २०८२/८३ को नेपाल सरकारको कुल बजेट रु. १९ खर्ब ६४ अर्ब ११ करोड रहेकोमा चालु खर्च रु.११ खर्ब ८० अर्ब ९८ करोड अर्थात् ६०.०१ प्रतिशत, पुँजीगततर्फ रु.४ खर्ब ७ अर्ब ८९ करोड अर्थात् २०.८ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु.३ खर्ब ७५ अर्ब २४ करोड अर्थात् १९.१ प्रतिशत विनियोजन भएको छ।

### ८.१ सार्वजनिक खर्च व्यवस्थापन

**(क) आर्थिक वर्ष २०८२/८३ को पुष मसान्तसम्मको चालु र पुँजीगत खर्चको गत आर्थिक वर्ष र यस आर्थिक वर्षको तुलनात्मक प्रगति विवरणः (संङ्घीय बजेट)**

(रकम रू. लाखमा)

| शीर्षक | आ.व. २०८२।८३ | | | आ.व. २०८१।८२ | | | वृद्धि (%) |
|---|---|---|---|---|---|---|---|
| | वार्षिक विनियोजन | आवधिक खर्च | खर्च % | वार्षिक विनियोजन | आवधिक खर्च | खर्च % | |
| चालु | ११८०९८०० | ४८२१०८३ | ४०.८२ | ११४०६६४५ | ४२७४२०० | ३७.४७ | १२.७९ |
| पुंजीगत | ४०७८८८० | ४७५४३९ | ११.६६ | ३५२३५४० | ५८१८६७ | १६.५१ | -१८.२९ |
| वित्तीय व्यवस्था | ३७५२४२० | १५३६४६९ | ४०.९५ | ३६७२८४५ | १७१३००४ | ४६.६४ | -१०.३१ |
| | **१९६४११००** | **६८३२९९१** | **३४.७९** | **१८६०३०३०** | **६५६९०७२** | **३५.३१** | ४.०२ |

**क. चालुतर्फः** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा १२.७९ प्रतिशतले बढी खर्च भएको।
**ख. पुँजिगततर्फः** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा १८.२९ प्रतिशतले खर्च घटेको।

**ग. वित्तीय व्यवस्थातर्फः** गत आर्थिक वर्षको साउन महिनादेखि असोज मसान्तसम्मको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा १०.३१ प्रतिशतले खर्च घटेको।

**समग्र कुल खर्च** गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ४.०२ प्रतिशतले बृद्धि भएको।

स्रोतः बजेट तथा कार्यक्रम महाशाखा

## (ख) अर्थ मन्त्रालय र अन्तर्गत आ.व.२०८२/८३ को पुषसम्मको बजेट खर्च स्थितिः (रकम रु. लाखमा)

| ब.उ.शी.नं. | बजेट उपशीर्षक | जम्मा बजेट (रु.) | खर्च (रु.) | पहिलो त्रैमासिक | | | | | | दोस्रो त्रैमासिक | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बजेट (रु.) | | | खर्च (रु.) | | | बजेट (रु.) | | | खर्च (रु.) | | |
| | | | | चालु | पुँजीगत | वित्तीय | चालु | पुँजीगत | वित्तीय | चालु | पुँजीगत | वित्तीय | चालु | पुँजीगत | वित्तीय |
| ३०५०० ०११ | अर्थ मन्त्रालय | **५५५९००** | **१८५१९६** | १२४३१३ | २६३२ ५ | ० | ८९०२८ | ३७९३ | ० | १२०९३६ | २९८२९ | ० | ८११८४ | १११९२ | ० |
| ३०५०० ०१२ | ऋण असुली पुनरावेदन न्यायधिकरण | **२३१००** | **१०२३४** | ५९६२ | २७६ | ० | ३७५६ | ० | ० | ६२८० | ० | ० | ६१८६ | २९२ | ० |
| ३०५०० ०१३ | ऋण असुली न्यायधिकरण | **४०९००** | **१६४६१** | ८६८७ | १०० | ० | ९००६ | १३७ | ० | १६१३४ | ४५६ | ० | ७२७३ | ४५ | ० |
| ३०५०० ०१४ | अन्तर्राष्ट्रीय संघ, संस्था सदस्यता शुल्क अनुदान विविध | **५००३००** | **१३६६२९** | ११७६९७ | ० | ० | ५२०१५ | ० | ० | १४६७२२ | ० | ० | ८४६१४ | ० | ० |
| ३०५०० १०१ | साना किसान विकास बैंक (बित्तिय संस्था), विविध | **८००००** | **१००००** | २०००० | ० | ० | १०००० | ० | ० | २०००० | ० | ० | ० | ० | ० |
| ३०५०० १०२ | लघु विमा सहयोग कार्यक्रम (पशु, बाली, स्वास्थ्य ) | **३५९४००** | **५०८९९** | ११७५६७ | ० | ० | ३१६६६ | ० | ० | १२३५६७ | ० | ० | १९२३३ | ० | ० |
| ३०५०० १०५ | बजेट सुधार आयोजना | **१५२५००** | **०** | ९३०० | १९७८ ० | ० | ० | ० | ० | ९५५० | ५३३५० | ० | ० | ० | ० |
| ३०५०० १०८ | मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल | **८४६७१००** | **१५३०८६९** | ३८३२१८ | १३४२ ३६८ | ० | ० | ९१६१२ | ० | ४४१६५१ | १३१६४९९ | ० | १३४७३५ | १३०४५ २२ | ० |
| ३०५०० ११३ | आर्थिक पुनरुत्थान, राहत तथा सहुलियत कार्यक्रम | **२०९६४४० ०** | **९८०००००** | ४४१०००० | ० | ० | ९८००००० | ० | ० | १२९४६८८६ | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३०५०००११५ | सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | **११७९७२०** | **२१४१** | ११६६०८ | २४६७२० | ० | ६५३ | ० | ० | १७५३९१ | २६६८०० | ० | १४८८ | ० | ० |
| ३०५०००११६ | उदय-आर्थिक विकासका लागि नवप्रवर्तन र लगानी कार्यक्रम | **२५००** | **०** | ० | ० | ० | ० | ० | ० | २५०० | ० | ० | ० | ० | ० |
| ३०५०१०११ | महालेखा नियन्त्रक कार्यालय | **१५४७००** | **६५८७१** | ३६१७५ | ४४२८ | ० | ३६२०७ | ५६८ | ० | ३७९३७ | ११४५३ | ० | २५०४३ | ४०५३ | ० |
| ३०५०१०१२ | निवृत्तिभरण व्यवस्थापन कार्यालय | **५८४००** | **२९०२१** | २५२४२ | १२७६ | ० | २३५४३ | ९५४ | ० | १३६५७ | ८४ | ० | ४५२४ | ० | ० |
| ३०५०१०१३ | कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय | **२४८००** | **६२५०** | ६५४३ | ४६९ | ० | ३५२० | ० | ० | ७६१७ | ० | ० | २७३० | ० | ० |
| ३०५०१०१४ | कोष तथा लेखा नियन्त्रक कार्यालयहरु | **९८०२००** | **४१६१५५** | २२०२०६ | ५८५६८ | ० | १९८९२२ | २२५२९ | ० | २७६३०४ | ६७७०३ | ० | १६९९०२ | २४८०१ | ० |
| ३०५०२०११ | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | **७९८००** | **२९३२७** | १५६०३ | ३०० | ० | १६७२७ | ० | ० | २९५३९ | ८२५ | ० | १२६०० | ० | ० |
| ३०५०३०११ | भन्सार बिभाग | **४४००००** | **५१७१६** | ५२४०७ | ४९९६ | ० | ३११३४ | १०० | ० | ३८३६६ | ४५९२० | ० | २०१२२ | ३६१ | ० |
| ३०५०३०१२ | भन्सार कार्यालयहरु | **११२२८२०** | **४७१२२१** | ३१७७०३ | २१२८३ | ० | २५४५५४ | १०३३२ | ० | २९१३२८ | १४३५९ | ० | १९५२३५ | ११९०० | ० |
| ३०५०३१०१ | भन्सार सुधार कार्यक्रम | **५५६०००** | **५४३४१** | २४०४४ | १४२३९२ | ० | ५३२६ | ११९३९ | ० | ७८९२७ | १५८५२३ | ० | ४४०३ | ३२६७३ | ० |
| ३०५०४०११ | आन्तरिक राजस्व विभाग | **९८३३००** | **११७७३५** | १९३९८४ | ९३५५९ | ० | ७०८८६ | ११८ | ० | १५४७६७ | ७६७०५ | ० | ४४५८२ | २१४९ | ० |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३०५०४०१२ | आन्तरिक राजस्व कार्यालयहरू | २१८४५०० | १००८६६१ | ५८३०११ | १२७४५९ | ० | ४१३४२३ | २३७७० | ० | ५३९९३२ | ८९०८० | ० | ५०९७०१ | ६१७६७ | ० |
| ३०५०५०११ | सार्वजनिक ऋण ब्यवस्थापन कार्यालय | ८६७०० | १७३६५ | २३४३३ | १७०१७ | ० | ७४७५ | ० | ० | १८३८४ | ३४२४ | ० | ८६९५ | ११९५ | ० |
| कुल जम्मा | | ३८९९७०४० | १४०१००९३ | ६८११७०२ | २१०७३१६ | ० | ११०५७८४२ | १६५८५२ | ० | १५४९६३७४ | २१३५०१० | ० | १३३२२४९ | १४५४१५० | ० |

*स्रोतः बजेट तथा कार्यक्रम महाशाखा, २०८२*

## ८.२ राजस्व परिचालनको अवस्थाः

(क) आर्थिक वर्ष २०८२/८३ को वार्षिक राजस्व सङ्कलनको लक्ष्यको तुलनामा आ.व. २०८२।८३ को दोस्रो त्रैमासिक अवधि (कार्तिक-पुष)सम्मको राजस्व संकलन विवरण

(रकम रु. लाखमा)

| सि.नं. | कर शीर्षक | आ.व.२०८२/८३ को वार्षिक लक्ष्य | आ.व.२०८२/८३ को लक्ष्य र सङ्कलन | | |
|---|---|---|---|---|---|
| | | | पुस महिनाको लक्ष्य | पुस सम्मको लक्ष्य | पुस सम्मको सङ्कलन |
| १ | भन्सार महशुल | ३,०५५,७०५ | २४८,३०४ | १,४६८,३८० | १,१६०,५२६ |
| २ | मूल्य अभिबृद्धि कर | ३,९४५,९५२ | ३१४,८१८ | १,८६१,०४४ | १,६७७,१२७ |
| ३ | अन्तःशुल्क | २,१३१,५७७ | १७०,५०८ | १,०१३,५४० | ९१२,७६० |
| ४ | शिक्षा सेवा शुल्क र अन्य | ५२,३१३ | ४,४४५ | २३,४७८ | २९,१४४ |
| ५ | आयकर | ४,०७०,२९२ | ८२५,१४५ | १,९४३,००९ | १,३८१,५९४ |
| | कर राजस्व जम्मा | १३,२५५,८३९ | १,५६३,२२० | ६,३०९,४५१ | ५,१६१,१५१ |
| ६ | अन्य राजस्व (गैरकर) जम्मा | १,५४४,१६१ | ३४४,४९३ | ८०२,६२८ | ६१२,८४८ |
| | कुल राजस्व | १४,८००,००० | १,९०७,७१४ | ७,११२,०७९ | ५,७७३,९९९ |
| ७ | विविध प्राप्ति | - | - | - | ४०,०७४ |
| | जम्मा राजस्व/प्राप्ति | १४,८००,००० | १,९०७,७१४ | ७,११२,०७९ | ५,८१४,०७२ |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा/आन्तरिक राजस्व विभाग, २०८२

**(ख) करदाता दर्ता संख्या सम्वन्धी विवरणः (Active Only)**

| क्र.सं. | दर्ताको प्रकार | आ.व.२०८१/८२ अषाढ मसान्तसम्म (Only Active) | आ.व. २०८२/८३ को साउन देखि पुष मसान्तसम्मको थप | जम्मा करदाता संख्या |
|---|---|---|---|---|
| १ | Business PAN | २०,६०७५८ | ५५२४२ | २११६००० |
| २ | Personal PAN | ४९०२७२२ | ३०४८९० | ५२०७६१२ |
| ३ | W-PAN | ३५,८७० | ८७१ | ३६७४१ |
| **जम्मा दर्ता** | | **६९९९३५०** | **३६१००३** | **७३६०३५३** |
| ३ | VAT | ३,५१७३५ | १३२५७ | ३६४९९२ |
| ४ | EXCISE | १,२४९९७ | ४९५२ | १२९९४९ |

*स्रोतः राजस्व व्यवस्थापन महाशाखा/आन्तरिक राजस्व विभाग,२०८२*

**८.३ <u>अन्तर्राष्ट्रिय विकास सहायता परिचालनः</u> आर्थिक वर्ष २०८२/८३ को कार्तिक, मंसिर र पुष महिनाको जम्मा अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन (वैदेशिक ऋण तथा अनुदान प्राप्ति) को विवरणः**

| महिना/सहायता | ऋण तथा अनुदान जम्मा (रु.करोडमा) |
|---|---|
| कार्तिक | २१४ |
| मंसिर | ९८५ |
| पुष | १९७१ |
| **जम्मा** | **५१०५** |

*स्रोतः वैदेशिक सहायता समन्वय महाशाखा, २०८२*

## ८.४ मुलुकको समग्र आर्थिक स्थितिः

**आर्थिक नीति विश्लेषण महाशाखाबाट**

आर्थिक परिसूचक सम्बन्धी विवरणः

- कुल विदेशी विनिमय सञ्चिति रु.३२०१ अर्ब ४७ करोड रहेको छ। अमेरिकी डलरमा उक्त सञ्चिति २२ अर्ब १३ करोड पुगेको छ। यस्तो सञ्चिति १८.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त छ ।
- चालु खाता रु.३५८ अर्व ८३ करोड र शोधनान्तर रु.४२१ अर्ब ८९ करोड बचतमा रहेको छ ।
- विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा ३५.६ प्रतिशतले र अमेरिकी डलरमा २९.० प्रतिशतले बढेको छ। चालु आर्थिक वर्षको मङ्सिर महिनाको विप्रेषण आप्रवाह रु. १८३ अर्ब १८ करोड रहेको छ ।

| क्र.सं. | शीर्षक | मंसिर मसान्तसम्म | | वृद्धिदर (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ | | |
| १. | शोधानान्तर स्थिति (रु. करोडमा) | २२५३४ | ४२१८९ | ८७.२२ | बचत/बढेको |
| २. | चालु खाताको स्थिति (रु. करोडमा) | १५८४५ | ३५८८३ | १२६.४६ | |
| ३. | विदेशी विनिमय सञ्चिति (रु. करोडमा) | २२७३२६ | ३२०१४७ | ४०.८३ | बढेको |
| | विदेशी मुद्रा सञ्चिति पर्याप्तता (वस्तु तथा सेवाको आयात धान्ने क्षमता, महिनामा) | १४.६ | १८.२ | २४.६५ | |
| ४. | उपभोक्ता मुद्रास्फीति-मंसिर महिना (वार्षिक विन्दुगत | ६.०५ | १.६३ | ४.४२ प्रतिशत | सुधार भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | आधारमा)-प्रतिशतमा | | | बिन्दुले घटेको | |
| | औसत उपभोक्ता मुद्रास्फीति (५ महिनाको औसत) प्रतिशतमा | ४.८९ | १.५५ | ३.३४ प्रतिशत बिन्दुले घटेको | |
| ५. | बैंक तथा वित्तिय संस्थाको संख्या | १०७ | १०६ | -०.९३ | मर्जर नीतिको कारण घटेको |
| | बैंक तथा वित्तिय संस्थाको शाखा संख्या (लघुवित्त वित्तीय संस्थासमेत) | ११५५० | ११५१९ | -०.२६ | |
| ६. | विप्रेषण आप्रवाह (रु. करोडमा) | ६४०४३ | ८७०३१ | ३५.८९ | बढेको |
| ७. | वाणिज्य बैंकको औषत आधार व्याजदर (प्रतिशत) | ६.८२ | ५.३८ | १.४४ प्रतिशत बिन्दुले घटेको | घटेको |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८२

- चालु आर्थिक वर्षको पहिलो ५ महिनासम्ममा शोधानान्तर स्थिति र चालु खाता दुबै बचतमा रहेका छन्।
- उपभोक्ता मुद्रास्फीतिको लक्ष्य ५.५ प्रतिशत रहेकोमा वाञ्छित सीमाभित्रै रहेको।

**क) सार्वजनिक ऋण दायित्वको अवस्था**

**(रु. करोडमा)**

| सि. नं. | ऋणको विवरण | शुरु मौज्दात (२०८२ श्रावण १) | २०८२/८३ को पुष मसान्त सम्मको प्राप्ति | २०८२/८३ को पुष मसान्तम्मको भुक्तानी (ब्याज बाहेक) | विनिमय नाफा/नोक्सान | जम्मा तिर्न बाँकी ऋण | कुल गार्हस्थ उत्पादनको आधारमा ऋण प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | आन्तरिक ऋण दायित्व | १२६,८२२.४१ | १७,७६६.६९ | १२,६७६.०० | ०.०० | १३१,९१३.१० | २१.६० |
| २ | वाह्य ऋण दायित्व | १४०,५८२.३६ | ३,६८९.२२ | २,६१३.३९ | -७,०६८.०३ | १४८,७२६.२२ | २४.३५ |
| जम्मा ऋण दायित्व | | २६७,४०४.७७ | २१,४५५.९१ | १५,२८९.३९ | -७,०६८.०३ | २८०,६३९.३२ | ४५.९५ |

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

- चालु आर्थिक वर्षको शुरुमा कुल सार्वजनिक ऋण रु २६ खर्ब ७४ अर्ब ०४ करोड रहेकोमा पुष मसान्तसम्ममा रु १ खर्ब ३२ अर्ब ३४ करोड थप वृद्धि भई कुल सार्वजनिक ऋण दायित्व रु २८ खर्ब ०६ अर्ब ३९ करोड पुगेको छ। जुन कुल गार्हस्थ उत्पादनको ४५.९५ प्रतिशत हुन आउँछ। कुल सार्वजनिक ऋणमा पुष मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४७ प्रतिशत रहेको छ।

## ख) सार्वजनिक ऋण परिचालनको वार्षिक लक्ष्य र प्राप्ति

(रु. करोडमा)

| सि.नं. | ऋणको विवरण | २०८२/८३ को वार्षिक लक्ष्य | २०८२/८३ को पुस मसान्त सम्मको प्राप्ति | प्राप्ति गर्न बाकी | लक्ष्यको आधारमा प्राप्ति प्रतिशत | प्राप्तिमा आतरिक ऋण र बाह्य ऋणको हिस्सा |
|---|---|---|---|---|---|---|
| १ | आन्तरिक ऋण | ३६,२००.०० | १७,७६६.६९ | १८,४३३.३१ | ४९.०८ | ८२.८१ |
| २ | वाह्य ऋण | २३,३६६.३१ | ३,६८९.२२ | १९,६७७.०९ | १५.७९ | १७.१९ |
| जम्मा सार्वजनिक ऋण | | ५९,५६६.३१ | २१,४५५.९१ | ३८,११०.४० | ३६.०२ | १००.०० |

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, २०८२

- चालु आर्थिक वर्षमा जम्मा रु ५ खर्व ९५ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा पुष मसान्त सम्ममा रु २ खर्ब १४ अर्ब ५५ करोड ऋण प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ३६.०२ प्रतिशत रहेको छ। जसमध्ये आन्तरिक र बाह्य ऋण प्राप्तिको प्रगति क्रमश ४९.०८ र १५.७९ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋण प्राप्ति मध्ये आन्तरिक र बाह्य ऋणको हिस्सा क्रमश ८२.८१ र १७.१९ प्रतिशत रहेको छ।

## ८.५ आ.व. २०८२/८३ मा सार्वजनिक ऋणको प्राप्ति र भुक्तानीको मासिक विवरण

(रु. करोडमा)

| सि.नं. | ऋण सेवा स्थिति | कार्तिक | मंसिर | पुष | जम्मा |
|---|---|---|---|---|---|
| १ | आन्तरिक ऋण भुक्तानी | ३,५२४.५० | ६०२.३५ | १,७४५.५४ | ५,८७२.३९ |
| १.१ | सावाँ भुक्तानी | ३,२११.०० | २००.०० | १,२५०.०० | ४,६६१.०० |
| १.२ | व्याज भुक्तानी | ३१३.५० | ४०२.३५ | ४९५.५४ | १,२११.३९ |
| २ | वाह्य ऋण भुक्तानी | ५७५.३३ | ९३६.३३ | २६५.६१ | १,७७७.२७ |
| २.१ | सावाँ भुक्तानी | ४९९.५६ | ७९५.५८ | २०८.६६ | १,५०३.८० |
| २.२ | व्याज भुक्तानी | ७५.७७ | १४०.७५ | ५६.९५ | २७३.४७ |
| ३ | ऋण प्रासी | ३,८३६.९७ | ३,५४९.१४ | ३,६४३.०५ | ११,०२९.१६ |
| ३.१ | आन्तरिक ऋण प्राप्ति | ३,०००.०० | २,७६६.६९ | ३,०००.०० | ८,७६६.६९ |
| ३.२ | वाह्य ऋण प्राप्ति | ८३६.९७ | ७८२.४५ | ६४३.०५ | २,२६२.४७ |

नोटः-

१. बैदेशिक ऋण प्राप्ति तर्फ प्राप्त भैसकेको Disbursement Letter को आधारमा अभिलेख राखिएकोले प्रतिवेदन पश्चात प्राप्त हुने Disbursement Letter को अभिलेख प्रविष्ट गर्दा प्रतिवेदन गरिएको मासिक बाह्य ऋण प्राप्ति फरक पर्न सक्नेछ।

२.२०८२ वैशाख १७ गते राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आर्थिक वर्ष २०८१/८२ को राष्ट्रिय लेखा सम्बन्धी वार्षिक तथ्याङ्कहरुको प्रकाशित कुल गार्हस्थ उत्पादनलाई तुलनाको आधार लिइएको छ।

स्रोतः सार्वजनिक ऋण व्यवस्थापन कार्यालय

## ८.६ आर्थिक वर्ष २०८२/८३ को  कार्तिक देखि पुष मसान्तसम्म सम्पादित प्रमुख तथा उल्लेखनीय कार्यहरू:

### क. बजेट तथा कार्यक्रम महाशाखाबाट सम्पादन भएका मुख्य कार्यहरु:

- **महाशाखाबाट सम्पादित प्रमुख तथा उल्लेखनीय कार्यहरु:**

१. प्रतिनिधि सभा सदस्य पदको निर्वाचनका लागि निर्वाचन आयोगलाई मिति २०८२/०७/१८ मा रु.४९६ करोड ६६ लाख र मिति २०८२/०८/२० मा रु.१ अर्ब ७७ करोड ९० हजार गरी कुल रु.६ अर्व ७३ करोड ६६ लाख ९० हजारको स्रोत सहमति प्रदान गरिएको।

२. राष्ट्रिय अनुसन्धान विभागलाई मिति २०८२/०७/१३ मा रू.२ करोड ८० लाखको स्रोत सहमति प्रदान गरिएको। नेपाली सेनालाई सुरक्षा उपकरण खरिदका लागि मिति २०८२/०८/२४ मा रु.४ करोड ४२ लाख ५० हजारको स्रोत सहमति प्रदान गरिएको।

३. गृह मन्त्रालय र अन्तर्गतका निकायका लागि प्रतिनिधि सभा सदस्य पदको निर्वाचनका लागि चालु वर्ष तर्फ रु.१० अर्व ३९ करोड ३४ लाख ८० हजारको स्रोत सहमति प्रदान गरिएको।

४. नेपाली सेनालाई प्रतिनिधि सभा सदस्य पदको निर्वाचनका लागि मिति २०८२/०९/२० मा चालु खर्च तर्फ रु.१ अर्व ९४ करोड ६८ लाख ५५ हजारको स्रोत सहमति प्रदान गरिएको।

५. राष्ट्रिय सभा सदस्य पदको लागि निर्वाचन आयोगलाई मिति २०८२/०८/१२ मा रु.४ करोड ३१ लाख ७९ हजारको स्रोत सहमति प्रदान गरिएकोमा सो रकम निकासा समेत भइसकेको।

६. प्रतिनिधि सभा सदस्य पदको निर्वाचनका लागि निर्वाचन आयोगलाई मारू६ अर्व ३१ करोड निकासा गरिएको।

### ख. राजस्व व्यवस्थापनबाट सम्पादन भएका मुख्य कार्यहरु:

१. सबै भन्सार कार्यालयबाट GATT Valuation प्रणालीको पूर्ण परिपालनाका लागि अनलाइन मुल्याङ्कन प्रणालीको प्रारम्भ।

२. नेपाल र मौरिसस बीच DTAA दोहोरो करमुक्ति सम्झौता बमोजिम मौरिससका बासिन्दा श्री डोल्मा इम्प्याक्ट फण्डको नेपालमा शेयर लगानी गरी सोको बिक्रिबाट आर्जित पूँजीगत लाभमा करकट्टी सम्बन्धी द्विविधाको सम्बोधन गरिएको।

३. नेपाल र मौरिससबिच सम्पन्न दोहोरो करमुक्ति सम्झौता खारेज गरिएको तथा आयकर ऐन, २०५८ लागु   हुनुपूर्व दोहोरो करमुक्ति सम्झौता सम्पन्न भएका मुलुकहरुलाई आयकर ऐन, २०५८ को दफा ७३(५)को कानुनी व्यवस्था सम्बन्धमा कूटनीतिक माध्यमबाट जानकारी गराइएको।

४. भन्सार ऐन, २०८२ कार्यान्वयनमा ल्याइएको तथा भन्सार नियमावली, २०८२ को मस्यौदा तर्जुमा गरी कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा राय सहमतिका लागि पठाइएको।

५. भन्सार व्यवस्थापन गोष्ठी, २०८२ सम्पन्न गरिएको।

६. उच्चस्तरीय केन्द्रीय राजस्व चुहावट समितिको मासिक रुपमा बैठक आयोजना गरी राजस्व चुहावट नियन्त्रणका लागि समन्वयात्मक रुपमा बहुपक्षीय प्रयासहरु गरिएको।

७. नेपालमा करारोपणका सन्दर्भमा आवश्यक सूचनाहरु अन्य मुलुकसँग माग गर्ने पूर्वाधार प्रदान, कर पारदर्शिता अभिवृद्धि, राजस्व प्रशासनको क्षमता अभिवृद्धि र अवैध वित्तीय प्रवाह (Illicit Financial Flows - IFFs) समेतलाई नियन्त्रण गर्दै दीर्घकालीन रुपमा आर्थिक लाभ तथा मुलुकको प्रतिष्ठा वृद्धि

समेतका लागि **OECD** अन्तर्गतको **Global Forum on Transparency and Exchange of Information for Tax Purposes** को सदस्यताका लागि आवेदन प्रक्रिया अगाडि बढाइएको।

८. सेवा प्रवाहको सिलसिलामा मातहतका कार्यालय तथा कर्मचारीहरु उपर गुनासो गर्ने प्रणालीको विकास गरिएको।

९. हेलो सरकार वा अन्य माध्यमबाट प्राप्त हुने गुनासोहरुको निरन्तर रुपमा सम्बोधन गरिएको ।
गैरकर राजस्वका दरहरु परिमार्जन तथा नयाँ प्राप्त भई आएको सम्बन्धमा विभिन्न निकायलाई सहमति प्रदान गरिएको।

१०. प्रचलित कानुनमा व्यवस्था भएकोमा बाहेक सार्वजनिक सेवा प्रवाहका लागि पेश हुने कागजातमा आय टिकटका रुपमा हुलाक टिकट टाँस्ने व्यवस्था हटाइएको।

११. जग्गाधनी पवन कुमार शारदा र मुरारी लाल मुरारकाको संयुक्त नाममा दार्ता कायम रहेको सिराहा जिल्ला लहान नगरपालिका वडा नं. ७क स्थित मधेश सरकार अन्तर्गत प्रादेशिक अस्पतालका रुपमा सञ्चालित राम कुमार शारदा उमा प्रसाद मुरारका अस्पताल रहेको जग्गा तथा भवन जग्गादाताहरुबाट निः शुल्क रुपमा अस्पतालका नाममा हस्तान्तरण गर्ने प्रयोजनका लागि पुँजीगत लाभमा लाग्ने लाभ कर छुट दिने।

## ग) कानुन तथा फैसला कार्यान्वयन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरु :

**१. कानूनी लिखतहरुको तर्जुमा, सहमति, स्वीकृती तथा दर्ता सम्बन्धी कार्यः**

(क) वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८१ सङ्घीय संसद सचिवालयमा मिति २०८२।०७।१६ मा दर्ता भएको।

(ख) भुक्तानी तथा फर्स्यौट (पहिलो संशोधन) ऐन, २०८२ को मस्यौदा तर्जुमा सहमतिका लागि मिति २०८२।०७।१६ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको।

(ग) भन्सार नियमावली, २०८२ को मस्यौदा तर्जुमा सहमतिका लागि मिति २०८२।०८।११ मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाइएको।

(घ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (दोस्रो संशोधन) नियमावली, २०८२ नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई २०८२/०९/०३ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।

(ङ) बहुबर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८२ मिति २०८२।०९।०८ मा स्वीकृत भएको।

(च) सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण (पहिलो संशोधन) नियमावली, २०८२ मिति २०८२।०९।११ मा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई २०८२/०९/२४ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।

२. **राय/ परामर्श सम्बन्धी कार्यः** यस मन्त्रालयका विभिन्न महाशाखाबाट राय माग भएका मुख्य मुख्य ३ वटा विषयमा राय परामर्श प्रदान गरिएको।

**३. मुद्दाहरुको लिखित जवाफ तयारी, दर्ता र प्रतिरक्षा सम्बन्धी कार्यः**

(क) यस मन्त्रालय समेतलाई विपक्षी बनाई दायर भएका ५८ वटा रिट निवेदनहरुको लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय, मार्फत सर्वोच्च अदालतमा, उच्च सरकारी वकीलको कार्यालय, मार्फत सम्बन्धित उच्च अदालतमा, जिल्ला सरकारी वकील कार्यालय मार्फत सम्बन्धित जिल्ला अदालतमा र विशेष सरकारी वकील कार्यालय मार्फत प्रशासकीय अदालतमा दर्ता तथा प्रतिरक्षा गरिएको।

**४. राजपत्र सम्पादन र प्रकाशन सम्बन्धी कार्यः**

(क) नेपालमा शाखा दर्ता गरेर वा स्थायी संस्थापनको रूपमा दर्ता रहेका एमसिसि कम्प्याक्ट बमोजिम एमसिए-नेपालको काम गर्ने निर्माण वा सेवा प्रदायक कम्पनीको एमसिसि फन्डिङ्ग (नेपालको योगदानसमेत) बाट आर्जित आयमा आर्थिक वर्ष २०८२/८३ को लागि आयकर छुट दिने सम्बन्धी सूचना कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई प्राप्त भएको र मिति २०८२/०७/२० मा नेपाल राजपत्रमा प्रकाशनको लागि मुद्रण विभाग पठाइएको।

(ख) विभिन्न राजस्व छुट सम्बन्धी १५ वटा सूचना सम्पादनको लागि मिति २०८२/०७/३० मा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।

(ग) विभिन्न राजस्व छुट सम्बन्धी १५ वटा सूचना कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई प्राप्त भएकोमा मिति २०८२/०८/१५ नेपाल राजपत्रमा प्रकाशनको लागि मुद्रण विभाग पठाइएको।

(घ) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (दोस्रो संशोधन) नियमावली, २०८२ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयबाट सम्पादन भई प्राप्त भएकोमा मिति २०८२/०८/२९ मा नेपाल राजपत्रमा प्रकाशनको लागि मुद्रण विभाग पठाइएको।

(ङ) आयकर ऐन, २०५८ को दफा ९५क. को उपदफा (५) को खण्ड (ख) बमोजिम लाग्ने लाभकर छुट सम्बन्धी सूचना २०८२/०९/२४ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।

(च) नगद कारोबार सीमा निर्धारण गर्ने सम्बन्धी सूचना २०८२/०९/२४ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।

(छ) नेपाल बाहिर मुद्रा निकासी वा पैठारी गर्न प्रतिबन्ध लगाउने सम्बन्धी सूचना २०८२/०९/२८ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित भएको।

(ज) विद्युत प्रसारणलाइनको दायाँ बायाँ जग्गामा संरचना निर्माण गर्न तथा रुख रोप्न नपाउने गरी निषेध गरिएको सम्बन्धी सूचनाको मस्यौदा सम्पादनको लागि मिति २०८२/०९/२५ गते कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।

**५. आदेश तथा फैसला कार्यान्वयन सम्बन्धमाः**

२६ वटा मुद्दा उपर अदालतबाट भएको आदेश/फैसलाको प्रतिलिपि आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा आदेशको प्रतिलिपि पठाइएको।

## घ. वित्तीय संघीयता समन्वय महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः

१. नेपाल सरकार मन्त्रिपरिषदवाट स्वीकृत तेस्रो राष्ट्रिय सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति तीनै तहका सरकारका सरोकारवाला निकायहरुलाई कार्ययोजना वनाई कार्यान्वयन गर्न पत्राचार गरिएको ।

२. सार्वजनिक संरचनाको पुनर्निर्माण र मर्मत, सार्वजनिक सेवा सुचारु, निर्वाचन खर्च व्यवस्थापन, आर्थिक पुनरुत्थान र राहत समेतका लागि आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धी नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/०६/०५ को निर्णय कार्यान्वयनका लागि सबै स्थानीय तहमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत पठाईएको ।

३. सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रमलाई प्रभावकारी ढंगले सञ्चालन गर्न सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यसञ्चालन निर्देशिका, २०८२ संसोधन गरिएको ।

४. अन्तर सरकारी वित्त परिषद्को बैठक मिति २०८२/०८/१२ गते सम्पन्न भएको जस्मा वित्तिय संघियता सवलिकरणका लागि बिभिन्न २३ वटा निर्णय भई कार्यान्वयनका लागि प्रदेश र स्थानीय तहमा पठाइएको।

५. **"दीर्घकालीन दायित्व व्यवस्थापन गर्नस्थायी कर्मचारीकोलागि अवकाश कोषमा नियमित योगदान गर्ने व्यवस्था तत्काल मिलाउने।"** भन्ने अन्तर सरकारी वित्त परिषद्को बैठक मिति २०८२/०८/१२ को निर्णय कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सबै प्रदेश सरकार र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा तथा सोको अन्तिम लेखापरिक्षण हुँदा परीक्षणका लागि महालेखा परीक्षकको कार्यालयमा लेखि पठाइएको ।

६. नेपालको संविधान र प्रचलित कानुनको व्यवस्था विपरीत स्थानीय तहले अर्को जिल्ला वा स्थानीय तहबाट चलानी भई ढुवानीको लागि मात्र सम्बन्धित स्थानीय तहको मार्ग हुंदै हुने मालवस्तुको ढुवानीमा कुनै प्रकारको कर तथा शुल्क असुलीले स्थानीय कृषक, व्यवसायी तथा आर्थिक रूपमा नकारात्मक असर पर्ने भएकाले नेपालको संविधान र प्रचलित कानुन विपरीत कुनै पनि कर,दस्तुर र शुल्क नलगाउने र नलाग्ने व्यवस्था मिलाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत सबै प्रदेश सरकार र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहमा लेखि पठाइएको ।

७. नेपालको संविधान, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा प्रदेश सरकार र स्थानीय तहले एक प्रदेशबाट अर्को प्रदेश वा एक स्थानीय तहबाट अर्को स्थानीय तहमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै पनि किसिमको कर र शुल्क लगाउन पाउने र असुल गर्न सक्ने व्यवस्था रहेको नदेखिएकोले कानून विपरितको कुनै प्रकारको शुल्क असुल गर्न नपाउने व्यवस्था मिलाउन सबै जिल्ला प्रशासन कार्यालयमा परिपत्र हुन गृह मन्त्रालयमा अनुरोध गरीएको।

८. मिति २०८२/०९/०८ मा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को अनुसूची-४ मा उल्लेखित प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड सम्वन्धी अनुपात परिमार्जनका लागि प्राकृतिक स्रोत तथा वित्त आयोगबाट प्राप्त प्रस्तावका सम्वन्धमा बैठकको आयोजना गरिएको।

९. मिति २०८२/०९/०९ मा सार्वजनिक वित्तीय व्यवस्थापन सुधार निर्देशिका २०८२, को दफा ५ बमोजिम सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका क्षेत्रमा नीतिगत निर्णय गर्ने उद्देश्यले गठित निर्देशक समितिको बैठक सम्पन्न भएको।

**ङ. <u>वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखासँग सम्बन्धित प्रमुख कार्यहरु:</u>**

- वित्तीय क्षेत्र विकास रणनीति (२०८२/८३-२०८६/८७) मिति २०८२/०९/२८ मा नेपाल सरकार मन्त्रिपरिषद् बाट स्वीकृत भएको।

१. संवत् २०८२ माघ १ गतेदेखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तोकिएको अवस्थामा बाहेक एकपटकमा **पाँचलाख रूपियाँ** वा सोभन्दा बढी मूल्यको कुनै सेवा वा वस्तुको खरीद बिक्री वा अन्य कारोबार गर्दा वित्तीय संस्था वा बैङ्किङ्ग उपकरण मार्फत गर्नु पर्ने गरी सम्पत्ति शुद्धीकरण (मनि लाउन्डरिङ्ग)

निवारण ऐन, २०६४  को दफा ४४ग. को उपदफा (१) बमोजिम नगद कारोबारको सीमा निर्धारण गरिएको।

२. भा.रु. २०० तथा भा.रु. ५०० दरका नोट नेपाली वा भारतीय नागरिकले प्रति व्यक्ति भा.रु. २५,००० को सीमासम्म भारतबाट नेपालमा भित्र्याउन र नेपालबाट भारतमा लैजान सक्ने गरी **मुद्रा निकासी वा पैठारी गर्न प्रतिबन्ध लगाउने सम्बन्धी सूचना परिमार्जन** गरिएको।

३. नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुनर्संरचना गर्न आवश्यक अध्ययन गरी सुझाव पेस गर्न प्रकाश जङ्ग थापा, काठमाडौंको संयोजकत्वमा **नेपाल स्टक एक्सचेन्ज लिमिटेडको पुनर्संरचना सम्बन्धी सुझाव समिति, २०८२** गठन भई समितिले कार्य प्रारम्भ गरेको।

४. पूँजी बजारमा आम लगानीकर्ताको मनोबल वृद्धिका लागि चाल्नुपर्ने प्रणालीगत तथा प्रक्रियागत सुधारसम्बन्धी अध्ययन प्रतिवेदन प्राप्त भई कार्यान्वयनमा लगिएको।

५. सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि, २०८२ बमोजिम नेपाल राष्ट्र बैंकलाई कर्जाको ब्याज अनुदानबापत रू. ९ अर्ब ८० करोड सोधभर्ना निकासा उपलब्ध गराइएको।

६. भुक्तानी तथा फर्छ्यौट ऐन, २०७५ मा संशोधनको लागि मस्यौदा तयार गरी विधेयक तर्जुमा सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।

७. आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र खर्च व्यवस्थापन सम्बन्धी नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०८२।०६।०५ मा भएको निर्णय कार्यान्वयनको लागि नियामक निकायहरू र सार्वजनिक प्रतिष्ठानहरूलाई पठाइएको।

८. राज्यकोषबाट लगानी भएका प्रतिष्ठान, बोर्ड, समिति तथा सार्वजनिक संस्थानलगायत निकायका पदाधिकारीको पारिश्रमिक तथा सेवा सुविधामा एकरूपता कायम गर्नेसम्बन्धी सुझावको प्रस्ताव मन्त्रिपरिषद् वाट मिति २०८२।९।२१ मा स्वीकृति भएको।

९. सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२ मन्त्रालयको वेवसाइट मार्फत सार्वजनिक गरिएको साथै सम्वन्धित संस्थानमा कार्यान्वयनका लागि पठाइएको।

**२.वित्तीय पहुँचः**

नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या (लघुवित्त वित्तीय संस्था समेत) २०८२ असोज मसान्तमा १०७ रहेको छ। यस मध्ये २० वाणिज्य बैंक, १७ विकास बैंक, १७ वित्त कम्पनी, ५१ लघुवित्त वित्तीय संस्था र १ पूर्वाधार विकास बैंक गरी जम्मा १०६ वटा बैंक तथा वित्तीय संस्थाहरुले इजाजतपत्रप्राप्त गरी सञ्चालनमा रहेका छन्।  २०८२ असार मसान्तमा बैंक तथा वित्तीय संस्थाहरु (लघुवित्त वित्तीय संस्था समेत) को शाखा संख्या ११५२६ रहेकोमा २०८२ मंङ्सिर मसान्तमा ११५१९ रहेका छन।बीमा कम्पनीमा १४ जीवन बीमा कम्पनी, १४ निर्जीवन बीमा कम्पनी, २ पूनर्बीमा कम्पनी, ७ लघुबीमा कम्पनी रहेका छन्। धितोपत्र बजारमा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकृत कम्पनी २६१, धितोपत्र ब्रोकर ९० वटा, डिम्याट खाता संख्या ७३,२४,२८७ वटा रहेका छन्।

## च. योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः

- बिगुल तथा हेलो सरकारमार्फत यस अवधिमा  प्राप्त संख्या ९१  गुनासोहरु फर्छ्यौंट गरिएको।

- सूचना मागकर्तालाई सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम नियमित रूपमा सूचना प्रदान गरिएको।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत अन्य विभिन्न मन्त्रालय/निकायहरुबाट माग भएको सूचना, जानकारी, सुझाव एवम् प्रगति विवरणहरु नियमित रूपमा पठाइएको।
- आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका अर्थमन्त्रालयसँग सम्बन्धित विषयहरुको कार्यान्वयनको लागि माइलस्टोनको मासिक रुपमा प्रगति प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको System मा प्रविष्ट गरिएको।
- मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन प्रगति विवरण अद्यावधिक गरिएको।
- सचिव बैठकका निर्णय तथा कार्यन्वयनको प्रगति अद्यावधिक गरिएको।
- SMT, MDAC लगायतका बैठकहरु संचालन गरी उक्त बैठकमा भएको निर्णयहरु कार्यान्वयनका लागि सम्बन्धित विभाग तथा कार्यालयहरुमा प्रेषित गर्ने गरिएको।
- आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन तयार गरी सार्वजनिक गरिएको।
- राष्ट्रिय सभाबाट माग भए बमोजिमका विषयमा नियमित रुपमा जावाफ प्रदान गरिदैं आएको।
- निर्माणाधिन नागढुङ्गा देखि मुग्लिङ्ग खण्डको निर्माणको अवस्थाको अनुगमन गरिएको

**छ. <u>प्रशासन महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः</u>**

**<u>क. कार्यालय व्यवस्थापन तर्फः</u>**

१. यस मन्त्रालय र अन्तर्गत निकायहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण,२०८२ नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२/७/१७ मा स्वीकृत भएको। जसबाट मन्त्रालय अन्तर्गत ३२३ जना कर्मचारीहरूको दरबन्दी कटौती भई २२.५ करोड दायित्व बचत हुने भएको।

**<u>संगठन तथा व्यवस्थापन सर्वेक्षणको निर्णयले खारेजीमा परेका कार्यालयहरूः</u>**

क. मध्यमस्तरीय कार्यालय- २
ख. आन्तरिक राजस्व कार्यालय- १
ग. करदाता सेवा कार्यालय- ३६
२. यस मन्त्रालयका दायित्वमा रहेका सवारी साधनहरूको Comprehensive बीमा गरिएको।
३. जेन्जी आन्दोलनको क्रममा आगलागी तथा तोडफोडबाट काम नलाग्ने सवारी साधन तथा अन्य भौतिक सम्पत्ति मिनाहा एवं पत्रु मूल्यमा विक्री गर्ने सम्बन्धी प्रस्ताव पेश गरी नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०८२/६/२ मा स्विकृत भई कार्यान्वयनमा आएको।
४. मन्त्रालयको सम्पूर्ण कार्यसम्पादनमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) पूर्ण रूपमा कार्यान्वयनमा आएको।
५. जेन्जी आन्दोलनको क्रममा मन्त्रालय परिसरका क्षतिग्रस्त भएका संरचनाको मर्मत र रंगरोगन गरिएको।

**<u>ख. बेरूजु तर्फः</u>**

- जम्मा वेरूजुः १ खर्व २५ अर्व
- फछ्र्योट रकमः ८ अर्व
- बाँकी वेरूजुः १ खर्व १७ अर्व
- प्रगति प्रतिशतः ६.४%

**ग. सूचना प्रविधि तर्फः**

१. वार्षिक कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सम्पन्न भएकोः

क. Data Center सपोर्ट सेवा खरिद उरिएको,

ख. Exchange Online Protection (EOP) र Endpoint Security सेवा खरिद गरी जडान भैसकेको,

ग. CCTV को सपोर्ट सेवा खरिद गरिएको,

घ. यस मन्त्रालयमा सञ्चालनमा रहेको एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) को लागि Digital Signature Certificate Token खरिद गरिएको।

२. साईबर सुरक्षालाई मजबुत गर्नको लागि आवश्यक पर्ने महत्वपूर्ण उपकरण Firewall खरिद गरी जडान गरिएको।

**ज. आर्थिक नीति विश्लेषण महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः**

**१. आर्थिक सर्वेक्षण, अर्थ बुलेटिन र समष्टिगत आर्थिक परिसूचक सम्बन्धी कार्य**

- मासिक रुपमा अर्थ बुलेटिन प्रकाशन भईरहेको।
- समष्टिगत आर्थिक चर/परिसूचक नियमितरुपमा अद्यावधिक गरिएको।

**२. सार्वजनिक ऋणसम्बन्धी कार्य**

चालु आर्थिक वर्षको शुरुमा कूल सार्वजनिक ऋण रु २६ खर्व ७४ अर्व ०४ करोड रहेकोमा पुष मसान्तसम्ममा रु.१ खर्व ३२ अर्ब ३४ करोड थप बृद्धि भई कूल सार्वजनिक ऋण दायित्व रु २८ खर्व ०६ अर्व ३९ करोड पुगेको छ। जुन कुल गार्हस्थ उत्पादनको ४५.९५ प्रतिशत हुन आउँछ। कुल सार्वजनिक ऋणमा पुष मसान्तसम्ममा वैदेशिक ऋणको हिस्सा ५३ प्रतिशत तथा आन्तरिक ऋणको हिस्सा ४७ प्रतिशत रहेको छ।

चालु आर्थिक वर्षमा जम्मा रु.५ खर्व ९५ अर्व सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकोमा पुष मसान्त सम्ममा रु.२ खर्ब १४ अर्व ५५ करोड ऋण प्राप्ति भएको छ। वार्षिक लक्ष्यको तुलनामा कुल सार्वजनिक ऋण प्राप्ति ३६.०२ प्रतिशत रहेको छ। जसमध्ये आन्तरिक र बाह्य ऋण प्राप्तिको प्रगति क्रमशः ४९.०८ र १५.७९ प्रतिशत रहेको छ। कुल सार्वजनिक ऋण प्राप्ति मध्ये आन्तरिक र बाह्य ऋणको हिस्सा क्रमश ८२.८१ र १७.१९ प्रतिशत रहेको छ।

**क. आर्थिक वर्ष २०८२/८३ को कार्तिक, मंसिर र पुष महिनाको जम्मा आन्तरिक ऋण परिचालनको अवस्था**

| सि.नं. | महिना | जम्मा आन्तरिक ऋण परिचालनको अवस्था |
|---|---|---|
| १. | कार्तिक | कार्तिक मसान्तसम्म रु.१ खर्ब २० अर्ब आन्तरिक ऋण परिचालन भएको । |
| २. | मंसिर | मंसिर मसान्तसम्म रु.१ खर्ब ४६ अर्ब आन्तरिक ऋण परिचालन भएको । |
| ३. | पुष | पुष मसान्तसम्म रु. १ खर्ब ७७ अर्ब आन्तरिक ऋण परिचालन भएको । |

श्रोतः आर्थिक नीति विश्लेषण महाशाखा

## झ. यस अवधिमा वैदेशिक सहायता समन्वय महाशाखाबाट सम्पादन भएका प्रमुख कार्यहरुः

- "उर्जा विकास मार्गचित्र २०८१" कार्यान्वयनमा सघाउ पुर्याउने उद्येश्यले Green + परियोजनाको लागि EU (European Union) बाट २३.५८ मिलियन यूरो अनुदान सहायता लिने सम्बन्धी सम्झौतामा २०८२ मंसिर १६ मा नेपाल सरकार र EU बीच हस्ताक्षर सम्पन्न भएको।
- नेपालको आयोजनामा २४ नोभेम्बर देखि ९ डिसेम्बर सम्म SASEC Knowledge workshop, Working Group Meeting र Senior Official Meeting(SOM) सम्पन्न भएको।
- प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम (PLGSP) को विकास साझेदारसँगको सम्झौतामा तेस्रो संशोधन गरिएको। नोभेम्बर २३, २०२५
- नेपाल सरकार र यूरोपेली यूनियन बीच Green , Resilient Agricultural centered Privet sector Economic Development (GRAPED) परियोजनाको सम्झौतामा हस्ताक्षर भएको ।
- नेपाल र भारत सरकारबीच Nepal LOC Review बैठक भारतमा सम्पन्न।
- वि.पी. राजमार्गको बाढीबाट प्रभावित खण्डको पुनर्निर्माण तथा मर्मत-सम्भारका लागि नेपाल सरकार र जापान सरकारबीच २ अर्ब ८० करोड जापानी येन (करिब २ अर्ब ६० करोड नेपाली रुपैयाँ) बराबरको अनुदान सहायता सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ।
- कोटेश्वर इन्टरसेक्सन सुधार आयोजना कार्यान्वयनका लागि जापान सरकारबाट जापानी येन ३४ अर्ब ४९ करोड (करिब ३० अर्ब ८ करोड नेपाली रुपैयाँ) बराबरको सहुलियतपूर्ण ऋण सहायता सम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ।
- अन्तर्राष्ट्रिय मुद्रा कोष (International Monetary Fund — IMF) अन्तर्गतको विस्तारित क्रेडिट सुविधा (Extended Credit Facility — ECF) कार्यक्रमको अवधि मे ११, २०२६ सम्म विस्तार गरिएको।
- United Nations Capital Development Fund (UNCDF) को Local Climate Adaptive Living Facility (Local) अन्तर्गत Performance-Based Payments (PBPs का लागि USD १,९७०,००० सम्मको सुनिश्चितता सम्बन्धी सम्झौता भएको।
- वन तथा वातावरण मन्त्रालयलाई From Risk to Resilience: Safeguarding Biodiversity Livelihoods through Community Led Forest Fire Management in the Chitwan Annapurna Landscape, Nepal नामक परियोजनाको अवधारणापत्र GEF सचिवालयमा पेश गर्न सहमति प्रदान गरिएको।
- GCF Country Window Readiness का लागि Country Outcome Log Frame तयार गरी GCF NDA Portal मा औपचारिक रूपमा समावेश गरिएको।
- युरोपियन युनियनसंग आगामी ३ वर्षको Indicative Plan का सम्बन्धमा Sub-Commission को बैठक सम्पन्न भएको
- नेपाल र जर्मनीबीच G to G Consultation बैठक सम्पन्न भएको।

## ९. ०८२ कार्तिक, मंसिर र पुष महिनामा सहमति प्रदान गरिएको ऐन, नियमावली, कार्यविधि र मापदण्डको विवरणः

- सवारी तथा यातायात व्यवस्था नियमावलि (एघारौ संशोधन) नियमावली, २०८२ को मस्यौदामा सहमति ।
- शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण नियमावली, २०८२ को मस्यौदामा पुनःसहमति।

- नेपाल ईन्जिनियरिङ सेवा (गठन,समुह तथा श्रेणी विभाजन र नियुक्ति) (पहिलो संशोधन) नियमहरु,२०८२ को मस्यौदामा सहमति।
- उपभोक्ता अदालत तथा बाल अदालतको संगठन तथा ब्यवस्थापन सर्वेक्षण सम्वन्धमा (O &M Survey )पुनःसहमित
- वन विकास कोष संचालन कार्यविधि २०८२ को मस्यौदामा सहमति प्रदान
- वन नियमावली, २०७९ को तेस्रो संशोधनको मस्यौदामा सहमति प्रदान
- लोक सेवा आयोग खर्च(व्यवस्थापन)(पहिलो संशोधन)कार्यविधि, २०८२ मा सहमति कार्वन व्यापार नियमावली — २०८२ मा पुनः सहमति प्रदान प्रदान
- सवारी साधनको ध्वनी उत्सर्जनको सीमा सम्बन्धी मापदण्ड, २०८२ को मस्यौदामा राय सुझाव प्रदान
- छापाखाना तथा प्रकाशन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ को मस्यौदामा सहमति प्रदान
- नेपाल पर्यटन रणनीति २०२६-२०३५ मा सहमति प्रदान
- जेष्ठ पत्रकारलाई मासिक वृत्तिमा सहमति
- सवारी तथा यातायात व्यवस्था नियमावलि (एघारौ संशोधन) नियमावली, २०८२ को मस्यौदामा सहमति दिइएको।
- शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण नियमावली, २०८२ को मस्यौदामा पुनःसहमति दिइएको।
- नेपाल ईन्जिनियरिङ सेवा (गठन,समुह तथा श्रेणी विभाजन र नियुक्ति) (पहिलो संशोधन) नियमहरु,२०८२ को मस्यौदामा सहमति दिइएको।
- उपभोक्ता अदालत तथा बाल अदालतको संगठन तथा ब्यवस्थापन सर्वेक्षण सम्वन्धमा (O &M Survey )पुनःसहमित दिइएको।
- शिक्षा (दशौं संशोधन) नियमावली, २०८२
- तथ्याङ्क (पहिलो संशोधन) नियमावली, २०८२
- सार्वजनिक- निजी साझेदारी तथा लगानी (पहिलो संशोधन) नियमावली, २०८२
- विज्ञान प्रविधि तथा नवप्रवर्तन कोष अध्यादेश, २०८२
- विश्वविद्यालयको व्यवस्थापन र सञ्चालनमा एकरुपता कायम गर्न बनेको अध्यादेश
- राष्ट्रिय आर्थिक गणना सञ्चालन सम्बन्धी प्रशासनिक तथा आर्थिक मापदण्ड, २०८२
- व्यक्तिगत डाटा संरक्षण नीति, २०८२
- एजेन्सी(संशोधन र एकिकरण)(दोस्रो संशोधन) नियमहरु २०८२
- प्रत्यायन नियमावली,२०८२ ।

- व्यवसायिक सौर्य उर्जा उत्पादनको लागि जग्गा उपयोग सहमति सम्बन्धी कार्यनीति २०८२ को मस्यौदामा राय सहमति।
- राष्ट्रिय दलित नियमावली २०८२ को सम्बन्धमा राय सहमती।
- वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रमा योगदानमा आधारित सामाजिक सुरक्षा प्रणाली लागु गर्ने सहमति सम्बन्धमा सहमती।

## १०. गुनासो व्यवस्थापनः

अर्थ मन्त्रालय र मातहतका निकायहरूका सम्बन्धमा सरोकारवालाहरुबाट प्राप्त गुनासोको व्यवस्थापन, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाले गर्दै आएको छ। यस अवधिमा यस मन्त्रालयमा प्राप्त गुनासोहरुलाई सम्बन्धित महाशाखा तथा विभागहरूमा फस्यौंटका लागि पठाइएको र सो सम्बन्धमा भए गरेको कारबाहीको जानकारी यस मन्त्रालयमा उपलब्ध गराउने संयन्त्रको विकास गरिएकोछ।यस अवधिमा अर्थ मन्त्रालय र मातहतका निकायहरूको कार्यसँग सम्बन्धित गुनासोहरू सुनुवाईको अवस्था यसप्रकार रहेको छ।

| **गुनासोको माध्यम** | **प्राप्त संख्या** | **फञ्छ्यौटको लागि पत्राचार भएको संख्या** | **फञ्छ्यौटको लागि पत्राचार भएको प्रतिशत** |
|---|---|---|---|
| हेलो सरकारबाट प्राप्त गुनासो | ९३ | ९३ | १०० |

## ११. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बरः

| | | |
|---|---|---|
| प्रमुख | सचिव घनश्याम उपाध्याय | ४२११९६१ |
| प्रवक्ता | सहसचिव टंक प्रसाद पाण्डेय | ४२००५३७ |
| सूचना अधिकारी | उपसचिव किशोर ढकाल | ४२११३५२ |

## १२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ र दफा ७ को उपदफा (१) बमोजिम यस अवधिमा माग गरेको सूचना र उपलब्ध गराइएको सूचना संख्या :

माग गरिएको सूचना संख्या : १०

उपलब्ध गराइएको सूचना संख्या : १०

## १३. अन्य विवरणः

### (क) मन्त्रालय र अन्तर्गत विभागहरूको वेबसाइट

| **नाम** | **उपयोग** |
|---|---|
| www.mof.gov.np | अर्थ मन्त्रालयका प्रकाशन तथा अन्य सूचनामूलक जानकारी |
| www.fcgo.gov.np | महालेखा नियन्त्रक कार्यालयका प्रकाशन तथा अन्य सूचनामूलक जानकारी |
| www.ird.gov.np | आन्तरिक राजस्व विभागका प्रकाशन तथा अन्य सूचनामूलक जानकारी |
| www.customs.gov.np | भन्सार विभागका प्रकाशन तथा अन्य सूचनामूलक जानकारी |
| www.pfmtc.gov.np | सार्वजनिक वित्त व्यवस्थापन तालीम केन्द्रका प्रकाशन तथा अन्य सूचनामूलक जानकारी |

| | |
|---|---|
| www.pdmo.gov.np | सार्वजनिक ऋण व्यवस्थापन सम्बन्धी प्रकाशन तथा अन्य सूचनामूलक जानकारी |

**(ख) अर्थ मन्त्रालयका प्रकाशनहरू :-**

चालु आर्थिक वर्षमा अर्थ मन्त्रालयबाट सम्पादित कामको प्रगति विवरण तथा प्रतिवेदनहरु र बजेट तथा कार्यक्रम सम्बन्धी दस्तावेजहरू मन्त्रालयको वेबसाइटमा राख्नुका साथै छपाई गरेर प्रकाशन गरी सर्वसाधारणको सहज पहुँच स्थापित गरिएको छ।

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिमको वार्षिक प्रतिवेदन

- अर्थ बुलेटिनहरू,

**(ग) मन्त्रालय अन्तर्गतका विभागीय प्रमुखहरुः**

| पद | नाम, थर | कार्यालय | फ्याक्स नं. | टेलिफोन |
|---|---|---|---|---|
| महालेखा नियन्त्रक | शोभाकान्त पौडेल | महालेखा नियन्त्रक कार्यालय | ४७७१२९० | ४७७१२९० |
| महानिर्देशक | श्याम प्रसाद भण्डारी | भन्सार विभाग | ४११७२१८ | ४११७२२३ |
| महानिर्देशक | मदन दहाल | आन्तरिक राजस्व विभाग | ४४११७७८ | ४४१०३४० |
| महानिर्देशक | तीर्थराज चिलुवाल | राजस्व अनुसन्धान विभाग | ५५४२०२३ | ५०१००८५ |
| महानिर्देशक | गजेन्द्र ठाकुर | सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग | ५०१०२२४ | ५०१०२२४ |
| तालिम प्रमुख | महेश बराल | सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र | ५०१०३०३ | ५०१०३०४/ ५०१०३०५ |
| कार्यालय प्रमुख | गोपीकृष्ण कोइराला | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | ४२३९३०३ | ४५३८१२९ |

**(घ) आन्तरिक राजस्व विभाग र अन्तरगतका कार्यालयहरुको टेलिफोन र फ्याक्स नम्बरहरुः**

| क्र.सं. | कार्यालयको नाम | कोड नं. | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १. | आन्तरिक राजस्व विभाग, लाजिम्पाट | ०१ | ४४१५८०२ | ४४११७८८ |
| २. | ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर | ०१ | ५०१००५० | ५०१००५१ |
| ३. | मध्यमस्तरिय करदाता कार्यालय-, बबरमहल | ०१ | ४२२१९६६ | ४२२२६०८ |
| ४. | आन्तरिक राजस्व कार्यालय, भद्रपुर | ०२३ | ४५५०१२ | ४५५०१९ |
| ५. | आन्तरिक राजस्व कार्यालय, दमक | ०२३ | ५८५७५२ | ५८५७५२ |
| ६. | आन्तरिक राजस्व कार्यालय, धरान | ०२५ | ५२०९८२ | ५२८२८३ |
| ७. | आन्तरिक राजस्व कार्यालय, विराटनगर | ०२१ | ५३०१६६ | ५२२७१७ |
| ८. | आन्तरिक राजस्व कार्यालय, लाहान | ०३३ | ५६०१८८ | ५६०४४९ |
| ९. | आन्तरिक राजस्व कार्यालय, जनकपुर | ०४१ | ५२०१३६ | ५२०२९७ |
| १०. | आन्तरिक राजस्व कार्यालय, सिमरा | ०५३ | ५२०९३० | ५२०७१३ |
| ११. | आन्तरिक राजस्व कार्यालय, वीरगंज | ०५१ | ५२२०६६ | ५२२११२ |
| १२. | आन्तरिक राजस्व कार्यालय, हेटौंडा | ०५७ | ५२३१०१ | ५२०३०८ |
| १३. | आन्तरिक राजस्व कार्यालय, भरतपुर | ०५६ | ५२०१०६ | ५२६७७८ |
| १४. | आन्तरिक राजस्व कार्यालय, दमौली | ०६५ | ५६०१३५ | ५६०१३५ |
| १५. | आन्तरिक राजस्व कार्यालय, पोखरा | ०६१ | ४६४३६३ | ४६४४४९ |

| | | | | |
|---|---|---|---|---|
| १६. | आन्तरिक राजस्व कार्यालय, बागलुङ्ग | ०६८ | ५२००२९ | ५२०१२९ |
| १७. | आन्तरिक राजस्व कार्यालय, भैरहवा | ०७१ | ५२०८५७ | ५२१७६३ |
| १८. | आन्तरिक राजस्व कार्यालय, बुटवल | ०७१ | ५५०५२४ | ५५०५२३ |
| १९. | आन्तरिक राजस्व कार्यालय, कृष्णनगर | ०७६ | ५२०६३२ | ५२००३२ |
| २०. | आन्तरिक राजस्व कार्यालय, दाङ्ग | ०८२ | ५२२१०९ | ५२०००९ |
| २१. | आन्तरिक राजस्व कार्यालय, नेपालगञ्ज | ०८१ | ५२००२६ | ५२६२०९ |
| २२. | आन्तरिक राजस्व कार्यालय, सुर्खेत | ०८३ | ५२५१७२ | ५२५१७२ |
| २३. | आन्तरिक राजस्व कार्यालय, धनगढी | ०९१ | ५२१२०६ | ५२१२०६ |
| २४. | आन्तरिक राजस्व कार्यालय, महेन्द्रनगर | ०९९ | ५२१११८ | ५२११०६ |
| २५. | आन्तरिक राजस्व कार्यालय, ललितपुर | ०१ | ५०१००९ | ५०१००१० |
| २६. | आन्तरिक राजस्व कार्यालय, भक्तपुर | ०१ | ६६१२२२६ | ६६१४७९५ |
| २७. | आन्तरिक राजस्व कार्यालय, धुलिखेल | ०११ | ४९०७९६ | ४९०७८६ |
| २८. | आन्तरिक राजस्व कार्यालय, चावहिल | ०१ | ४४८४३४० | ४४८४३४० |
| २९. | आन्तरिक राजस्व कार्यालय,कोटेश्वर | ०१ | ४४८९२४७ | ४४८९२४७ |
| ३०. | आन्तरिक राजस्व कार्यालय, पुतलीसडक | ०१ | ४२४३१७६ | ४२४२१७६ |
| ३१. | आन्तरिक राजस्व कार्यालय, बत्तिसपुतली | ०१ | ४४८५५९० | ४११३६९० |
| ३२. | आन्तरिक राजस्व कार्यालय, बानेश्वर | ०१ | ४४८४६७१ | ४४८५५४३ |
| ३३. | आन्तरिक राजस्व कार्यालय, त्रिपुरेश्वर | ०१ | ४२३०५६३ | ४२३०५६३ |
| ३४. | आन्तरिक राजस्व कार्यालय, नयाँसडक | ०१ | ४२६६५७२ | ४२६६६५३ |
| ३५. | आन्तरिक राजस्व कार्यालय, ठमेल | ०१ | ४२१८९५३ | ४२१८९५३ |
| ३६. | आन्तरिक राजस्व कार्यालय, महाराजगंज | ०१ | ४४१९२६४ | ४४१९२६४ |
| ३७. | आन्तरिक राजस्व कार्यालय, बालाजु | ०१ | ४३८९७९१ | ४३८९७९४ |
| ३८. | आन्तरिक राजस्व कार्यालय, कलंकी | ०१ | ४२८९९५२ | ४२८५९५१ |
| ३९. | आन्तरिक राजस्व कार्यालय, कालिमाटी | ०१ | ४२८३६५८ | ४२८२८१२ |
| ४०. | आन्तरिक राजस्व कार्यालय, टंगाल | ०१ | ४४३९४७७ | ४४३९४७६ |
| ४१. | आन्तरिक राजस्व कार्यालय,  ललितपुर २ | ०१ | ५५३६९३२ | ५५३६९३२ |
| ४२. | आन्तरिक राजस्व कार्यालय, डडेल्धुरा | ०९६ | ४१०३०५ | ४१०३०९ |
| ४३. | आन्तरिक राजस्व कार्यालय, इटहरी | ०२५ | ५२१६५५ | ५८१६५५ |
| ४४. | आन्तरिक राजस्व कार्यालय, जुम्ला | ०८७ | ५२०५५२ | ५२०५५२ |
| ४५. | आन्तरिक राजस्व कार्यालय, कावासोती | ०७८ | ५४०५०१ | |
| ४६. | आन्तरिक राजस्व कार्यालय, जोरपाटी | | ४९१४१९० | |
| ४७. | आन्तरिक राजस्व कार्यालय, गल्छी, धादिङ्ग | ०१० | ४०३२३३ | ४०३२३४ |
| ४८. | आन्तरिक राजस्व कार्यालय, बर्दिवास | ०४४ | ५५०४६९ | ५५०४६९ |

## (ङ) भन्सार विभाग र अन्तर्गतका कार्यालयहरूको टेलिफोन र फ्याक्स नम्बरहरू:

| सि.नं. | कार्यालयको नाम | कोड नं. | टेलिफोन नं. | k\mofS; g+= |
|---|---|---|---|---|
| १. | भन्सार विभाग | ०१ | ४११७२२३ | ४२५९८०८ |
| २. | ओलाङचुङगोला भन्सार कार्यालय, ताप्लेजुङ्ग | ०२७ | ५५०००४ | ५५०००४ |
| ३. | पशुपतिनगर भन्सार कार्यालय | ०२७ | ५५०००४ | ५५०००४ |

| सि.नं. | कार्यालयको नाम | कोड नं. | टेलिफोन नं. | k\mofS; g+= |
|---|---|---|---|---|
| ४. | मेची भन्सार कार्यालय | ०२३ | ५६२०३४ | ५६२००४ |
| ५. | भद्रपुर भन्सार कार्यालय, भद्रपुर | | ९८५२६२००३९ | |
| ६. | विराटनगर भन्सार कार्यालय | ०२१ | ४३६२९७ | ४३६२९७ |
| ७. | किमाथाङ्का भन्सार कार्यालय, संखुवासभा | | | |
| ८. | सुनसरी भन्सार कार्यालय | ०२५ | ४६००३० | ४६००३० |
| ९. | राजविराज भन्सार कार्यालय | ०३१ | ९८५११७६८०८ | ५२०१९६ |
| १०. | ठाँडी भन्सार कार्यालय | | ९८५२८३३३२२ | |
| ११. | सिराहा भन्सार कार्यालय | ०३३ | ५२०३२२ | ५२०१५६ |
| १२. | जनकपुर भन्सार कार्यालय | ०४१ | ५२०१६६ | ५२०८५० |
| १३. | जलेश्वर भन्सार कार्यालय | ०४४ | ५२०२०२ | ५२०२०२ |
| १४. | सर्लाही भन्सार कार्यालय | ०४६ | ५२०१५४ | ५२०१५४ |
| १५. | गौर भन्सार कार्यालय | ०५५ | ५२०११० | ५२०२२० |
| १६. | वीरगंज भन्सार कार्यालय, पर्सा | ०५१ | ५२२२२० | ५२८७०० |
| १७. | लार्के भन्सार कार्यालय, गोरखा | | | |
| १८. | मुस्ताङ्ग भन्सार कार्यालय, नेचुङ्ग | | | |
| १९. | महेशपुर भन्सार कार्यालय, नवलपरासी | | ९८५७०४६९४४ | |
| २०. | त्रिवेणी भन्सार कार्यालय | | ९८४६१९६१६२ | |
| २१. | भैरहवा भन्सार कार्यालय | ०७१ | ४१८००३ | ५२०८३४ |
| २२. | सुठौली भन्सार कार्यालय, कपिलवस्तु | | ९८५७०५३४५५ | |
| २३. | कृष्णनगर भन्सार कार्यालय | ०७६ | ५२००३० | ५२००७३ |
| २४. | कोइलाबास भन्सार कार्यालय | | ९८५७८५१०५१ | ५२००७३ |
| २५. | नेपालगञ्ज भन्सार कार्यालय | ०८१ | ५२०२७९ | ५२०२७६ |
| २६. | राजापुर भन्सार कार्यालय | ०८४ | ४२०९३३ | ४६०१५० |
| २७. | मुगु भन्सार कार्यालय, मुगु | | | |
| २८. | यारिनाका भन्सार कार्यालय, हुम्ला | | | |
| २९. | सती भन्सार कार्यालय, कैलाली | | ९८५८४८८४०९ | |
| ३०. | कैलाली भन्सार कार्यालय | ०९१ | ४१७०९२ | ५२११४२ |
| ३१. | कञ्चनपुर भन्सार कार्यालय | ०९९ | ४०२००६ | ५२२३१४ |
| ३२. | महाकाली भन्सार कार्यालय झुलाघाट | ०९५ | ६९०८६३ | ६९०८६३ |
| ३३. | दार्चुला भन्सार कार्यालय | | | |
| ३४. | लामाबगर भन्सार कार्यालय, दोलखा | | | |
| ३५. | तातोपानी भन्सार कार्यालय | ०११ | ४८०१३१ | ४८०१३४ |
| ३६. | त्रिभुवन विमानस्थल भन्सार कार्यालय, काठमाडौं | ०१ | ४४७०११० | ४४७४४२६ |
| ३७. | रसुवा भन्सार कार्यालय, रसुवा | ०१० | ६७०१८२ | |
| ३८. | भन्सार जाँचपास परीक्षण कार्यालय | ०१ | ४४६२३८१ | ४४६२३८५ |
| ३९. | गौतम बुद्ध अन्तर्राष्ट्रिय बिमानस्थल भन्सार कार्यालय, रुपन्देही | ०७१ | ९८५७०५२३८३ | |

| सि.नं. | कार्यालयको नाम | कोड नं. | टेलिफोन नं. | k\mofS; g+= |
|---|---|---|---|---|
| ४०. | चोभार सुख्खा बन्दरगाह भन्सार कार्यालय | ०१ | ५९१२३२८ | |
| ४१. | पोखरा अन्तर्राष्ट्रिय बिमानस्थल भन्सार कार्यालय, कास्की | | ९८४६१०३१५० | |

**(च)**

| सि.नं. | कार्यालयको नाम | कोड नं. | टेलिफोन नं. | k\mofS; g+= |
|---|---|---|---|---|
| १. | राजस्व अनुसन्धान विभाग | ०१ | ५०१००८५ | ५५४२०२३ |
| २ | राजस्व अनुसन्धान कार्यलय, इटहरी | ०२५ | ५२०४५८ | |
| ३ | राजस्व अनुसन्धान कार्यलय, पथलैया | ०५३ | ५२२०८८ | |
| ४ | राजस्व अनुसन्धान कार्यलय, वुटवल | ०७१ | ५४५७२ | |
| ५ | राजस्व अनुसन्धान कार्यलय, कोहलपुर | ०८१ | ५४१६९९ | |

**(छ)**

| सि.नं. | कार्यालयको नाम | कोड नं. | टेलिफोन नं. | k\mofS; g+= |
|---|---|---|---|---|
| १. | सम्पत्ति शुद्धिकरण अनुसन्धान विभाग | ०१ | ५०१०२२४ | ५०१०२२४ |

## (ज) मन्त्रालय अन्तर्गतका विभिन्न निकायको टेलिफोन नं. र फ्याक्स नम्बर M

| क्र.सं. | कार्यालयको नाम | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|
| १. | नेपाल राष्ट्र बैङ्क(केन्द्रिय कार्यालय) | ४४१०३८६ | ४४१०१५९ |
| २. | राष्ट्रिय वाणिज्य बैङ्क | ४२५२५९५ | ४२५२९३१ |
| ३. | कृषि विकास बैङ्क (केन्द्रिय कार्यालय) | ४२६२६९० | ४२६२९२९ |
| ४. | ऋण असुली पुनरावेदन न्यायाधिकरण | ४२२४८९१ | ४२२४९११ |
| ५. | ऋण असुली न्यायाधिकरण | ४४४१४१९ | ४४४१४१८ |
| ६. | नागरिक लगानी कोष | ४७८५७८४ | ४७८४९४५ |
| ७. | बिमा समिति | ४८११०५७ | ४८१०४९० |
| ८. | राष्ट्रिय बिमा संस्थान | ४२६२५२० | ४२६२६१० |
| ९. | कर्मचारी संचयकोष | ५०१०१६५ | ५०१०२३० |
| १०. | साना किसान विकास बैङ्क (वित्तीय संस्थान) | ४१११८२८ | ४१११९०१ |
| ११. | निक्षेप तथा कर्जा सुरक्षण कोष | ४४२१२४१ | ४४१०१२७ |
| १२. | धितोपत्र बोर्ड, नेपाल | ५५४१०५७ | ५५४१०५८ |
| १३. | नेपाल स्टक एक्सचेन्ज लिमिटेड | ४२५०७३५ | ४२६२५३८ |
| १४. | राष्ट्रिय बिमा कम्पनी लिमिटेड | ४२५८८६६ | ४२५८७२१ |
| १५. | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ४२१८४५८ | ४१०१५९३ |
| १६. | सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड | ४२३८००८ | ४२४०३५७ |

| | | | |
|---|---|---|---|
| १७. | एम.सि.ए. नेपाल | ४५४०९५१ | ४५४०९५२ |